नेपाल राष्ट्र बैंक
मुद्रा व्यवस्थापन विभाग

बालुवाटार, काठमाडौं,
फोन नं.: ४४४१०४५, ४४१९८०६
फ्याक्स : ९७७ १ ४४४१०५०
E-mail : cmd@nrb.org.np
Website: www.nrb.org.np
पोष्ट बक्स : ३५९

पत्र संख्या: नोट छपाई/ ६१ /०७९/८०

मितिः २०७९/०५/२९

**इजाजतपत्र प्राप्त "क" वर्गका बाणिज्य बैंकहरु**

**काठमाडौं ।**

**विषयः- सर्वसाधारणलाई साना दरका नयाँ नोट सटही गरिदिने सम्बन्धमा**

महाशय,

वडादशैंको अवसरमा सर्वसाधारणबाट साना दरका नयाँ नोटहरुको माग अत्याधिक हुने गरेको विगतको अनुभवलाई मध्यनजर गरी वडा दशैं २०७९ को अवसरमा सर्वसाधारणलाई नयाँ नोट सटही गर्न सहज होस् भनी यस वर्ष सम्पूर्ण वाणिज्य बैंकहरुलाई यस बैंकबाट नयाँ नोट उपलब्ध गराई सकिएको व्यहोरा विदितै छ । यसै सन्दर्भमा देहाय बमोजिमको व्यवस्था मिलाई मिति २०७९ असोज २ गतेदेखि आफ्नो बैंकका काठमाडौं उपत्यकाभित्रका तोकिएका शाखा कार्यालयहरु मार्फत् नयाँ नोट सटहीको व्यवस्था मिलाउनु हुन अनुरोध गर्दछु ।

(१) सर्वसाधारणलाई नयाँ नोट/सुकिलो नोट सटहीका लागि काठमाडौं उपत्यका (काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला) भित्रका कम्तीमा ५ वटा शाखा कार्यालयहरु तोकी आफ्नो वेबसाइट मार्फत् सूचना दिने । त्यस्तो सूचनामा नयाँ नोट/सुकिलो नोट सटही गर्ने समयावधि र संख्या समेत उल्लेख गर्ने ।

(२) सर्वसाधारणलाई रु. ५, रु.१०, रु.२०, रु.५० र रु.१०० दरको प्रति व्यक्ति बढीमा एक/एक प्याकेटका दरले जम्मा रु १८,५०० सम्म सटही सुविधा उपलब्ध गराउन सकिने ।

उपर्युक्त व्यवस्थाहरु बमोजिम त्यस बैंकको तोकिएका शाखा कार्यालयहरुबाट हुने नयाँ नोट/सुकिलो नोट सटही कार्यको अनुगमन गरिने व्यवस्था मिलाइएको समेत जानकारी गराउँदछु ।

भवदीय,

(रेवतीप्रसाद नेपाल)
कार्यकारी निर्देशक